पत्र संख्याः-
चलानी नं.:-

सालको रुख काटिएको अबस्थामा फेलापारी नाप पैमाइस नम्वरिङ्ग गरी स्थलगत प्रकृति मुचुल्का उठाई बाँकी विगो घटनास्थल मै छाडी राख्दा चोरी हानी नोक्सानी हुनसक्ने प्रवल सम्भवाना रहेकोले उक्त काठलाई सुरक्षित घाटगद्दी गरी सत्यतथ्य पत्ता लगाई आवश्यक कार्यवाही गर्न जाँचबुझ अनुसन्धान गर्न आवश्यक रहेको प्रतिवेदन साथ मार्फत सादर अनुरोध छ भनी स.व.अ. श्री नवनीत मिश्र समेतको प्रतिवेदन प्राप्त हुन आएकोले सोको जाँचबुझ तथा अनुसन्धान कार्यको लागी स.व.अ.श्री बैजनाथ मण्डललाई खटाईएको ।

- यस कार्यालय मातहत प्रहरी चौकी चेतनगरबाट खटिगएका प्रहरी टोलीले मिति २०७८/२/२२ गते राती २:०० बजेको समयमा जिल्ला रौतहट चन्द्रपुर न.पा. वडा नं. ९ मुसहर टोलबाट बडेर्वा जाने बाटो स्थित ऐ.ऐ. बस्ने नेवल माझीको छोरा वर्ष ३३ को विष्णु माझीलाई साल जातको ४ फिट लम्वाई १ फिट ३ इन्च मोटाईको चारपाटे कडी थान-९ सहित फेला पारी निजलाई पक्राउ गरी यस कार्यालयमा प्रतिवेदन साथ दाखिला गरेको हुँदा बरामद साल जातको काठ र पक्राउ परेका निज विष्णु माझीलाई आवश्यक कार्यवाहीको लागी निम्न कागजातहरु सहित पठाईएको व्यहोरा अनुरोध गरिएको छ भनी श्री ईलाका प्रहरी कार्यालय, चन्द्रनिगाहपुर, रौतहटको च.नं. १८३८ मिति २०७८/२/२३ को पत्रबाट यस कार्यालयमा लेखि आएकोमा उक्त कार्यको जाँचबुझ तथा अनुसन्धान गरी पक्राउ परेको अभियुक्तलाई सम्बन्धित निकायमा मुद्दा दायर गर्न स.व.अ. श्री बैजनाथ मण्डललाई नै खटाईएको ।
- मिति २०७८/२/२२ गतेका दिन चन्द्रपुर सब डि.व.का.का वन कर्मचारीहरुले वनजंगल संरक्षणको सिलसिलामा टुरगस्ती गर्दै जाँदा जिल्ला रौतहट चन्द्रपुर न.पा. वडा नं. ८ स्थित कोटीहोम धार्मिक वनजंगल भित्र रहेको फुटवल ग्राउण्ड (खेल मैदान) पुर्व दक्षिण कुनामा पुर्व बाटो, पश्चिम खेल मैदान, उत्तर : खेल मैदान तथा बाटो र दक्षिण ? वन भित्र रहेको पोखरी यति चार किल्ला भित्र जग खनेको देखिदा सो ठाउँमा स्थानिय व्यक्तिहरुसंग बुझ्दा रंगपुर साझेदारी वन व्यवस्थापन समुहका अध्यक्ष जितेन्द्र चौधरीको अध्यक्षतामा गठित खानेपानी उपभोक्ता समितिले खानेपानीको ओभरहेड टंकी लगायतका पुर्वाधारहरु निर्माण गर्नको लागि उक्त जग खन्ने भनी बुझिएको हुँदा तत्कालिन स्थलगतरुपमा कोटीहोम धार्मिक वनका अध्यक्ष बोल बहादुर बस्नेत र खानेपानी उपभोक्ता समितिका अध्यक्ष श्री जितेन्द्र चौधरीलाई विना ईजाजत वनजंगल भित्रको निर्माण कार्य तुरुन्त रोक्का गर्नु र रितपुर्वक प्रक्रिया पुऱ्याई नेपाल सरकारबाट वनक्षेत्रको जग्गा प्राप्त गरी मात्र निर्माण कार्य गर्नु गराउनु हुन भनी यस सब-डि.व.का.बाट मौखिक निर्देशन गरिएको व्यहोरा जानकारीको लागी अनुरोध छ साथै तहाँ कार्यालयबाट पनि सम्बन्धित सबै पक्षलाई नियमानुसार निर्देशन हुन अनुरोध छ भनी स.व.अ.श्री विमल कुमार ठाकुर समेतको प्रतिवेदन प्राप्त हुन आएकोले जाँचबुझ तथा अनुसन्धान कार्यको लागी स.व.अ.श्री बैजनाथ मण्डललाई खटाईएको ।
- मिति २०७८/२/२३ गते साँझ ५:०० बजेको समयमा वनजंगल टुरगस्ती गर्दै जाँदा रामलाल वृन्दावन साझेदारी वनको पुर्व : बागमती नदी, पश्चिम : तोरीबारीको बाटो, उत्तर : रामपुरघाट जाने बाटो दक्षिण : रामलालघाट जाने बाटो यति चार किल्ला भित्र काठ चोर तस्करहरुले साल



नि. डिभिजनल वन अधिकृत